# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मितिः २०७५।०५।०१ गते

# प्रेस विज्ञप्ति

### विषयः घुस रकम सहित नियन्त्रणमा लिइएको।

---

यातायात व्यवस्था कार्यालय ठूलोभऱ्याङ, स्वयम्भु काठमाडौंमा कार्यरत सहलेखापाल देवेन्द्र गोइत र मेडिकल सहायक(निजी) नारायण श्रेष्ठले ट्रायल परीक्षा उत्तिर्ण गरेका छब्बीस जना परीक्षार्थीहरुबाट राजश्व रकम बाहेक थप रकम घुस/रिसवत वापत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय काठमाडौंबाट खटिइ गएको टोलीले निजहरुलाई रु.१६,०००।-(सोह्र हजार) घुसवापतको रकम लिइसकेको अवस्थामा निज सहलेखापालको कार्यकक्षबाट मिति २०७५।०५।०१ गते नियन्त्रणमा लिइ अनुसन्धान कार्य भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता